**संयुक्त राष्ट्रसङ्घीय**
**मानवअधिकार उच्चायुक्तको**
**कार्यालय, नेपाल**

United Nations Human Rights
OFFICE OF THE HIGH COMMISSIONER FOR HUMAN RIGHTS

**प्रेस विज्ञप्ति – २०६६ पुस ५**

---

## उच्चायुक्तको कार्यालय–नेपालद्वारा संयम अपनाउन आग्रह

२०६६ पुस ५, काठमाडौं

उच्चायुक्तको कार्यालय-नेपाल एकीकृत नेपाल कम्युनिष्ट पार्टी (माओवादी) (एनेकपा (माओवादी))द्वारा आह्वान गरिएको आम हड्तालको पहिलो दिन पुस ५ गते आइतबार, विशेषगरी प्रधानमन्त्रीको स्वदेश फिर्तीका सन्दर्भमा, नयाँ बानेश्वरमा भएको हिंसाप्रति गम्भीर चिन्ता व्यक्त गर्दछ। प्रधानमन्त्रीका लागि निर्धारित मार्गमा विरोध प्रदर्शनकारीहरूलाई हटाउन प्रहरीले बल प्रयोग गर्दा कैयौं प्रहरी र प्रदर्शनकारीहरू घाइते भए। तीमध्ये केही गम्भीर रूपमा घाइते भए। शान्त बिहानीपछि, विरोध प्रदर्शनकारीहरूको आक्रमणबाट कमान्डको नेतृत्व गरिरहेका प्रहरी नायब उपरीक्षकको टाउकोमा चोट लागेको देखिएपछि स्थिति द्रुत गतिमा बिग्रेको नयाँ बानेश्वरमा ती घटनाहरूको पर्यवेक्षण गरिरहेका उच्चायुक्तको कार्यालय-नेपालका अनुगमनकर्ताहरूले प्रत्यक्ष देखे। तत्पश्चात्, प्रहरीले भिडमाथि अनुपयुक्त ढङ्गबाट लाठी र अश्रुग्यासका साथै ढुङ्गा प्रहारसमेत गरी अत्यधिक बल प्रयोग गरेको देखियो। त्यसअघि, सडकमा निष्क्रिय रूपमा बसिरहेका विरोध प्रदर्शनकारीहरूमाथि प्रहरीले पानीको फोहरा हानेपछि तनाव उत्पन्न भई आक्रामक प्रत्युत्तर आयो, जसमा प्रदर्शनकारीहरूबाट धेरै ढुङ्गा प्रहारसमेत गरियो।

> "सार्वजनिक राजमार्गहरू खाली गराउने प्रहरीको अधिकार तथा शान्तिपूर्ण रूपमा प्रदर्शन गर्ने प्रदर्शनकारीहरूको अधिकार रहेको कुरालाई म स्वीकार गर्छु, तर संयम अपनाउन, उत्तेजित पार्ने खालका कार्य हुन नदिन तथा संवादमार्फत् तनाव कम गर्न म सबै समूहहरूलाई आह्वान गर्छु। आज देखिएको हिंसा काठमाडौंका सडकमा केही वर्षयता देखिएका, सायद जनआन्दोलन - २ यताका सबैभन्दा नराम्रा हिंसाहरूमध्ये एक थियो। यो कुरा दोहोरिनुहुँदैन र जिम्मेवारहरूलाई जवाफदेही बनाइनुपर्छ", उच्चायुक्तको कार्यालय–नेपालका प्रमुख रिचर्ड बेनेटले भन्नुभयो।

**For further information contact Chun Gurung, tel: 4280164, ext 320;**
**98510 16937 (mobile), cgurung@ohchr.org**
**Website: http://nepal.ohchr.org**